# मुल्याङ्कन सम्बन्धि पहिलो विश्व सम्मेलन नेपालमा हुँदै

By - Posted On. 12 hours ago

**0**

काठमाडौं १३ साउन। मुल्याङ्कन सम्बन्धि पहिलो विश्व सम्मेलन नेपालमा हुने भएको छ। विकासको मुल्याङ्क अभियानलाई विश्वभर लैजान नेपालमा विश्व सम्मेलन हुन लागेको हो। आउँदो नोभेम्बर २३ देखि २७ सम्म हुने तय गरिएको सम्मेलनमा विकास मुल्याङ्कनका पाँचओटा आधारका विषयमा छलफल हुनेछ। विश्वभरीका २ सय २२ वटा सस्थाहरुको साझा अभियानका रुपमा नेपालबाट सुरु गर्न लागेको मुल्याङकन कर्ताहरुको सस्था दक्षिण एसियाका उपाध्यक्ष एवं नेपालका अध्यक्ष डा. गणपती ओझाले जानकारी दिए। विश्वका विभिन्न देशमा भएको विकास प्रणालीलाई सुधारमा ल्याउन मुल्याङ्कनलाई बहसमा ल्याउन खोजिएको उनको भनाई छ।

‘ विकासको काम कुन तहबाट कसरी भइरहेको छ त्यसको मसिनो मुल्याङ्कन आबश्यक हुन्छ’ उनले भने ‘ त्यसलाई अभियानका रुपमा अगाडी बढाउन हामी विश्व सम्मेलनको तयारीमा छौ।’ आउदो नोभेम्बरमा हुने सम्मेलनको विषयमा भोलि शुक्रबार काठमाण्डुमा विषेश पत्रकार सम्मेलन गरि सार्वजनिक गरिदैछ। सम्मेलनमा सभासद, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष लगायतको पनि सहभागिता रहनेछ। यसअघि श्रीलंकामा हुने तय भएपनि त्यहाँ मानवअधिकार हननको विषय उठेपछि नेपालमा सारिएको थियो।

सयुक्त राष्ट्रले समेत आत्मसाथ गरेको अभियान अब विश्भरी नै लैजाने र नेपालबाट सुरुवात गर्न खोजेको ओझाले बताए। विकासको पाँचओटा आधारका विषयमा सम्मेलनमा छलफल हुनेछ। भइरहेको कामको नागरिक र नीतिगत सान्दर्भिकता, योजना र कामको प्रभावकारीता, योजनाको कार्ययोजना र मापदण्ड, मितव्ययिता र योजनाको दिगोपनाका विषयमा मुल्याङकन विश्व सम्मेलनमा छलफल हुनेछ। नेपालको विकासको विषयमा पनि मुल्याङ्कन प्रतिवेदन पेश हुनेछ। सम्मेलनमा विश्भरीका देशभरबाट ४ सय भन्दा बढीको सहभागिता रहनेछ।